# नेपालगन्जउपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगन्ज, बाँके

**सटर भाडामा दिने सम्वन्धि सूचना ।**

**(प्रथमपटक प्रकाशित मिति : २०७८/०९/२० गते)**

यस नेपलागन्जउप–महानगरपालिकाको वडा नं ०४ बसपार्कमा बनेका सटरहरु भाडामा संचालन गर्नको लागि तपसिलका शर्तका अधिनमा रहने गरी वढावढमा भाडामा लिन चाहने ईच्छुक व्यक्ति,व्यवसायिक फर्म, संघसंस्थाहरुलाई १५ (पन्ध्र) दिने शिलबन्दी निवेदन पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा स्थायी लेखानम्बर प्रमाणपत्र/ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।

२.प्रस्ताव फारम दस्तुर प्रति सटर रु.१००।-(फिर्ता नहुने गरी) तिरी कार्यालय/सम्बन्धित वडा कार्यालयबाट उपलब्ध हुनेछ ।

३..न्यूनतम मासिक भाडा तपसिल बमोजिमको हुनेछ । सबै सटरहरु एकमुष्ठ लिनेलाई १० प्रतिशत छुट दिईनेछ ।

तपसिल

| सि.नं. | सटर नं. | भाडा रकम | कैफियत |
|---|---|---|---|
| १. | ६४ र ६५ | रु.१२,०००।– | |
| २. | ३०,३१,३३,३४,३५ र ५९ | रु.१०,०००।– | |
| ३. | २५,२६ र २७ | रु.८,०००।– | |
| ४. | ३७,३८,४८,४९ र ६२ | रु.७०००।– | |
| ५. | ५०,५१,५२ र ५४ | ६०००।– | |
| ६. | ५५,५६,५७ र ५८ | रु.५०००।– | |

४. सम्झौता अवधि सम्झौता भएको मितिले **५**वर्षको हुनेछ ।

५. प्रस्ताव स्वीकृत भैसकेपछि मासिक कवोल अंकको १ महिना वरावरको रकम उपमहानगरपालिकाको धरौटी खातानं.ग-३-४१३०१००३०३००००२ मा राख्नुपर्नेछ ।

६. प्रस्ताव स्वीकृत भैसके पछि स्वीकृती भएको सूचना प्रकाशित मितिले ७ दिनभित्र धरौटी रकम र अग्रिम भाडा रकम बुझाई सम्झौता गर्नुपर्नेछ । म्यादभित्र सम्झौता गरी रकम बुझाउन नआएमा धरौटी जफत गरी अन्यकानाममा न्यूनतम भन्दा क्रमशः बढि कबोल अंकभएका प्रस्तावबालाका नाममा स्विकृत भैजानेछ ।

७. भाडा रकम प्रत्येक महिनामा बुझाउनु पर्नेछ । उक्त मितिमा दाखिला नगरेमा प्रतिदिनको रु.१००।- का दरले जरिवाना बुझाउनु पर्नेछ । एक महिनाको अवधि सम्म जरिवाना र भाडा रकम नबुझाएमा राखेको धरौटी रकमबाट कट्टागरि असुलउपर गरी कार्यालयबाट सटर खाली गराईनेछ ।

८. सटर खाली गर्ने सम्बन्धमा दुवै पक्षले एक महिना अगावै जानकारी गराउनुपर्नेछ, जानकारी नदिई खालीगर्न/गराउनचाहेमा एक पक्षले अर्को पक्षलाई १ महिना वरावरको भाडा रकम क्षतिपूर्ति वापत दिनुपर्नेछ ।

९.सम्झौताअवधि समाप्त भएपछि उपमहानगरपालिकाले तोकेको शर्त पालनागर्ने गरि म्याद थप गर्न वा हटाउन सक्नेछ ।

१०.सटर भाडामा लिने पक्षले जुन अवस्थामा बुझेको हो सम्झौता अवधि समाप्त भएपछि साविककै अवस्थामा बुझाउनुपर्नेछ, अन्यथा नोक्सानीको विवरण वमोजिम क्षतिपूर्ति भराई धरौटी रकम फिर्ता दिईनेछ ।

११.पानी र विजुलीको विलको रकम भाडावाला स्वयंले बुझाउनु पर्नेछ।

१२. कुनै पनिशर्त राखेको प्रस्ताव स्वीकृत हुनेछैन र निम्न अनुसारका प्रकृया पुरा नभएका प्रस्ताव स्वतः अस्वीकृत हुने छन्:-

क) प्रस्ताव फारममा दस्तखत नभएको ।

ख) प्रस्ताव फारममा केरमेट भएको वा सच्याईएको ठाउँमा दस्तखत नभएको ।

१३.प्रस्ताव फारम लिने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **पन्ध्रौंदिन** कार्यालय समय भित्र ।

१४. प्रस्ताव दाखिल गर्नुपर्ने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **सोह्रौं दिन** कार्यालय समयभित्र ।

१५. प्रस्ताव खोलीने मिति र स्थान:- सूचना प्रकाशित भएको मितिले **सत्रौं दिन** कार्यालयमा समय भित्र।

१६.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१७. प्रस्ताव फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१८. यो सूचना कार्यालयको वेवसाईट www.nepalgunjmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

विस्तृत जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।